**अन्तर्राष्ट्रिय जंगल वर्ष सीडी**

अन्तर्राष्ट्रिय जंगल वर्षको सहयोगार्थ हामीले विभिन्न कलाकारहरुलाई समेटेर गीति संग्रहको सीडी निकालेका छौं । यसलाई अनलाइन् अर्डर गर्न १०.९९ पाउण्ड सहयोग गर्नुहोस् ।

यस सीडीले फाउण्डेशन फर इन्डेन्जर्ड स्पेशिज (FES) को बारेमा जागरूक बनाउँदै यसका महत्वपूर्ण सन्देशहरुको प्रचार गर्छ । साथै यसबाट प्राप्त रकमबाट FES ले जनावरहरुलाई लोप हुनबाट बचाउने काम गर्छ ।

यस सीडीमा FES का लक्ष्य र उद्देश्य, परियोजना र कार्यक्रमहरुबारे बर्णन गरिएको पुस्तिका पनि समावेश छ । FES का गतिविधिहरुमा वृक्षारोपण, वन्यजन्तु बगैंचा, तथ्याङ्क संकलनको लागि समुद्री तटको सफाइ, अन्य क्षेत्रिय परियोजनाहरु, संयुक्त राष्ट्रको संलग्नता र थुप्रै संचार गतिविधिहरु पर्दछन् । पाठकहरु हामीलाई सम्पर्क गरी यी कामहरुबाट च्यारिटिमा सहभागी हुन सक्छन् ।

केही श्रोताहरुले हामीलाई यो गीति संग्रह विविधताले भरिनुका साथै ज्यादै कर्णप्रिय पनि रहेको बताएका छन् ।

- One Eskimo जस्तो लोकप्रिय कलाकार
- सारा विल्सन, स्टेफन ब्ल्याकवुड, नेनेस गोल्डजस्ता थुप्रै अन्य कलाकारहरु
- लोपोन्मुख जीवजन्तुको वर्तमान अवस्थाबारे जागरूकता फैलाउन तपाईंले मद्दत गर्न सक्नुहुन्छ - मूल्य १०.९९ पाउण्ड अथवा WLZ उल्लेख गरी १०.०० पाउण्ड

यस सीडीलाई अनलाइन अर्डर गर्न तलको 'सहयोग' लेखिएको ठाँउमा क्लिक गर्नुहोस् । साथै info@ffes.org.uk मा इमेल गर्नुहोस् वा हामीलाई सम्पर्क गर्नुहोस् ।

**हिमालयन वर्षा वन रोपौं**

फाउण्डेशन फर इन्डेन्जर्ड स्पेसिजले सन् २००८ को 'राष्ट्रिय वृक्ष सप्ताह' मा नेपालमा हिमालयन वर्षावन रोपौं भन्ने परियोजना शुरू गर्यो । त्यसैले तपाईं आफ्नो सहयोगद्बारा एक वा धेरै रुखहरु रोपेर यस परियोजनालाई साथ दिन सक्नुहुन्छ । फाउण्ड्शनले पाएको सम्पूर्ण रकम वन र वन्यजन्तुको वासस्थान बनाउनमा उपयोग गरिनेछ ।

यो वृक्षारोपणको योजनाले नेपालको अलौकिक वन्यजीवनको साथसाथै पर्यावरण र जैविक विविधताको पनि रक्षा गर्नेछ । र यसबाट बाघ, चितुवा, जंगली बिरालो, विभिन्न खालका हरिण र बाँदर, जंगली बँदेल र शिकारी चराजस्ता जनावरहरुलाई लाभ हुनेछ ।

यस योजनाले स्थानीय बासिन्दालाई दिगो विकासमा योगदान पुर्याउनेछ । साथै उनीहरुले

आफ्नो बासस्थान् नजिक रहेका वन्यजीवनको रखवाली पनि गर्नेछन् । यी क्षेत्रहरु बालबालिकाको शिक्षाको लागि पनि प्रयोग गरिनेछन् र स्कूलहरुले यस्ता ठाँउहरुमा प्रत्यक्ष अनुभव गर्न पाउनेछन् । शिक्षाले नै दीर्घकालीन मानसिक परिवर्तन सम्भव हुन्छ । यो योजना यूनेस्को स्कूल नेटवर्कको चौथो अध्ययन बुँदा 'वातावरणीय चिन्ता' सँग अन्तर्सम्बन्धित विभिन्न मुद्दाहरुलाई पनि समाधान गर्न बनाइएको हो । नेपालका यस्ता वासस्थानहरुमा काम गरिसकेका एण्डि मिडलटन ब्रिटिश आयोगको स्कूल समूहका लागि वातावरणीय सल्लाहकार हुन् ।

यी बगानहरु नेपालमा स्थायीरुपमा रहनेछन् । त्यसैले कुनै संगठन, समूह र व्यवसायी यस योजनामा योगदान दिन चाहन्छन् भने उनीहरुलाई स्वागत छ । कसैले स्वेच्छाले ठूलो परिमाणमा आफ्नो सम्पत्ति दिन चाहनुहुन्छ भने हामी त्यसबाट बृहत वृक्षारोपण कार्यक्रम सञ्चालन गर्नेछौं । तसर्थ हामीलाई सम्पर्क गर्नुहोला ।

कुनै विशेष अवसरको लागि रकम प्रयोग गरेपश्चात् फाउण्डेशनले प्रमाणपत्र प्रदान गर्नेछ । यस्ता रकमहरु कुनै ठूला अफ्ठ्याराहरु समाधान गर्न प्रयोग गरिनेछन् । त्यसैले हरेक रुख रोप्नको लागि १० पाउण्ड दिएर तपाईं पनि हामीलाई हिमालयन वर्षावन बनाउनमा सहयोग गर्न सक्नुहुन्छ ।

बेलायतस्थित नेपाली दूतावासले फाउण्डेशन फर ईन्डेन्जर्ड स्पेसिजलाई आफ्नो आधिकारिक वेबसाइटमा ब्रिटिश संगठनहरुमध्येमा सामेल गर्नुका साथै यस फाउण्डेशनले नेपालमा गरेका कामहरुलाई साथ दिंदै आएको छ ।

वर्षावन रोप्नको लागि आफ्नो नाम, ठेगाना र ईमेल हाम्रो सम्पर्क ठेगानामा पठाउनुका साथै तलको सहयोग लिंकमा क्लिक् गर्नुहोला ।

**सहयोग**